# सर्लाहीको मलङ्गवा र नवलपुरमा भएको माओवादी आक्रमणको स्थलगत अध्ययन प्रतिवेदन, ०६३

प्रतिवेदन सार्वजनिक भएको मितिः ०६३ जेठ १७ गते,
काठमाडौं ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
मध्यमाञ्चल क्षेत्रीय कार्यालय काठमाडौं ।

## स्थलगत अध्ययन टोलीको नामावली

१) बाबुराम विश्वकर्मा, इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय, काठमाडौं
२) विदुरकुमार प्याकुरेल, इन्सेक मानवअधिकार  वर्षपुस्तक प्रतिनिधि, सर्लाही

**घटना भएको मितिः २०६२ चैत २३ गते**
**अध्ययन गरिएको स्थान : मंलगवा र नवलपुर**
**अध्ययन गरिएको मितिः ०६३ जेठ १० र ११ गते**

## सारांश

माओवादीले ०६२ चैत २३ गते राति करिब ८:४५ बजेदेखि सर्लाहीको सदरमुकाम  मलङ्गवाका सरकारी कार्यालयहरू र सुरक्षा निकायमाथि एकै साथ आक्रमण गरे । भिडन्तका क्रममा जम्मा ६ जना सुरक्षाकर्मी र ४ जना माओवादीको मृत्यु भएको पाइयो । नाइटभिजन हेलिकप्टर  खसेका कारण १० जना  सेना मारिए । माओवादी आक्रमणको  प्रतिरक्षाको लागि गएको सेनाको नाइटभिजन हेलिकप्टरबाट बम प्रहार गरिएका कारण सो बम सर्वसाधारणको घरको छतमा खसेको थियो । यसबाट ६ जना सर्वसाधारण घाइते भए भने माओवादी आक्रमणमा परी २३ जना प्रहरी घाइते भए । माओवादीले बम विस्फोट तथा आगजनी गरेका कारण मलङ्गवाका ६ वटा सरकारी कार्यालय ध्वस्त भए । जिल्ला अदालत र जिविसका २ वटा गाडीमा आगजनी गरी पूर्ण रूपमा नष्ट गरेको पाइयो ।

माओवादीले तत्कालीन प्रमुख जिल्ला अधिकारी बोधराज अधिकारी, जेलर अनिल आचार्यसहित २१ जना प्रहरीलाई आफनो कब्जामा लिए । साथै जिल्ला कारागारबाट १ सय ८ जना कैदीलाई भगाएका थिए । माओवादीले कारागार प्रमुख अनिल आचार्य, प्रमुख जिल्ला अधिकारी बोधराज अधिकारी लगायत अपहरित सबैलाई विभिन्न मितिमा मुक्त गरे ।

सर्लाहीको नवलपुरमा ०६२ चैत २३ गते माओवादीले स्थानीय होटलमा खाना खाने क्रममा झगडा गरेको र मलंगवामा आक्रमण शुरु हुनुभन्दा केही मिनेटअघि सो  होटलमा बम बिष्फोट गराए । बम विष्फोटबाट दुई जनाको मृत्यु र तीन जना घाइते भए ।  बिष्फोटलगत्तै माओवादीले नवलपुरस्थित अर्जुन वाण गुल्ममा आक्रमण गरेका थिए । गुल्मभन्दा होटल करिब ५ सय मिटर पश्चिममा रहेको छ । उक्त घटनामा माओवादीको प्रत्यक्ष संलग्नता रहेको स्थानीय बासिन्दा, पीडित तथा प्रत्यक्षदर्शीले बताए । सो घटनाका घाइतेलाई उपचारका लागि सैनिक अस्पताल छाउनी  लगिएको थियो । उपचारपछि एक जना फर्किएका छन् भने दुई जनाको उपचार भइरहेको छ ।

। माओवादी आक्रमणका कारण ध्वस्त भएका सरकारी कार्यालयको धमाधम पुनर्निर्माण भइरहेको सर्लाहीका निमित्त प्रमुख जिल्ला अधिकारी बेणीमाधव ज्ञवालीले जनाए । सरकारी कार्यालयका काम पनि सुचारु हुन थालेको छ । भिडन्तबाट क्षति भएका सर्वसाधारणका घर पुनर्निर्माणका लागि पहल भएको जनाइए पनि काम भने शुरु भएको छैन ।

# घटना विवरण

सर्लाहीको सदरमुकाम मलङ्गवामा २०६२ चैत २३ गते माओवादीले आक्रमण गरी धनजनको क्षति गराए । मलङ्गवामा रहेका प्रमुख सरकारी कार्यालयहरू तथा सुरक्षा निकायहरूमा आक्रमण गरी धनजनको क्षति पुऱ्याएको र प्रमुख जिल्ला अधिकारीसहित कर्मचारी तथा सुरक्षाकर्मीहरूलाई अपहरण गरी लगेको घटनाको स्थलगत अध्ययन गरी प्रतिवेदन सार्वजनिक गर्न इन्सेक मानवअधिकार टोली २०६३ जेठ १० र ११ गते घटनास्थलतर्फ प्रस्थान गरेको थियो ।

भिडन्तका क्रममा प्रहरी नायव निरीक्षक सोनेलाल मण्डल, प्रहरी सहायक निरीक्षक सुकबहादुर गुरुङ, प्रहरी जवानहरु लक्ष्मण साह, दिलबहादुर नेपाली सुनार, राम नरेश सहनी र रामपृतप्रसाद यादव जम्मा ६ जना सुरक्षाकर्मी र ४ जना माओवादीको मृत्यु भएको पाइयो । नाइटभिजन हेलिकप्टर  खसेका कारण १० जना सेना मारिए । माओवादी आक्रमणको  प्रतिरक्षाको लागि गएको सेनाको नाइटभिजन हेलिकप्टरबाट बम प्रहार गरिएका कारण सो बम सर्वसाधारणको घरको छतमा खसेको थियो । यसबाट ६ जना सर्वसाधारण घाइते भए भने माओवादी आक्रमणमा परी २३ जना प्रहरी घाइते भए । माओवादीले बम विस्फोट तथा आगजनी गरेका कारण मलङ्गवाका ६ वटा सरकारी कार्यालय ध्वस्त भए । जिल्ला अदालत र जिविसका २ वटा गाडीमा आगजनी गरी पूर्ण रूपमा नष्ट गरेको पाइयो ।

माओवादीले तत्कालीन प्रमुख जिल्ला अधिकारी बोधराज अअिधकारी, जेलर अनिल आचार्यसहित २१ जना प्रहरीलाई आफनो कब्जामा लिए । साथै जिल्ला कारागारबाट १ सय ८ जना कैदीलाई भगाएका थिए । माओवादीले कारागार प्रमुख अनिल आचार्य, प्रमुख जिल्ला अधिकारी बोधराज अधिकारी लगायत अपहरित सबैलाई विभिन्न मितिमा मुक्त गरे ।

सर्लाहीको नवलपुरमा ०६२ चैत २३ गते माओवादीले स्थानीय होटलमा खाना खाने क्रममा झगडा गरेको र मलंगवामा आक्रमण शुरु हुनुभन्दा केही मिनेटअघि सो  होटलमा बम बिष्फोट गराए । बम विष्फोटबाट दुई जनाको मृत्यु र तीन जना घाइते भए ।  बिष्फोटलगत्तै माओवादीले नवलपुरस्थित अर्जुन वाण गुल्ममा आक्रमण गरेका थिए । गुल्मभन्दा होटल करिब ५ सय मिटर पश्चिममा रहेको छ । उक्त घटनामा माओवादीको प्रत्यक्ष संलग्नता रहेको स्थानीय बासिन्दा, पीडित तथा प्रत्यक्षदर्शीले बताए । सो घटनाका घाइतेलाई उपचारका लागि सैनिक अस्पताल छाउनी  लगिएको थियो । उपचारपछि एक जना फर्किएका छन् भने दुई जनाको उपचार भइरहेको छ ।

। माओवादी आक्रमणका कारण ध्वस्त भएका सरकारी कार्यालयको धमाधम पुननिर्माण भइरहेको सर्लाहीका निमित्त प्रमुख जिल्ला अधिकारी बेणीमाधव ज्ञवालीले जनाए । सरकारी कार्यालयका काम पनि सुचारु हुन थालेको छ । भिडन्तबाट क्षति भएका सर्वसाधारणका घर पुननिर्माणका लागि पहल भएको जनाइए पनि काम भने शुरु भएको छैन ।

आक्रमणमा जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, भुमि सुधार कार्यालय, जिल्ला अदालत लगायत ६ वटा  सरकारी कार्यालयहरूमा बम बिष्फोट तथा आगजनी गरिएका कारण पूर्ण रुपमा ध्वस्त भएको पाइयो । आक्रमणका कारण जिल्ला कारागार भवन पूर्ण रुपमा नष्ट भएको र कैदीहरूका सरसामान भाडा कुडा यत्रतत्र छरिएको थियो । जिल्ला प्रशासन कार्यालय र मालपोत कार्यालयको सुरक्षार्थ खटिएका प्रहरीहरूको

कम्ब्याट ड्रेस जुत्ता लगायतका सामानहरु यत्रतत्र रहेकोमा केहीमा आगो लागेका र केही हेलमेट डढेको अवस्थामा पाइयो । जिल्ला प्रशासन कार्यालय नजिक रहेको नगीना साहको मूल गेटमा पाइप बम र बाबुराम अधिकारीको घरको बरन्डा र छतमा सकेट बम राखिएका कारण साह र अधिकारीले घर छाडेका थिए ।

जिल्ला प्रहरी कार्यालयको पश्चिमतर्फ रहेको बोर्डिङ स्कूल नजिक सडकमा पाइप बम, सकेट बम, कमन्डलु बम र ग्रीनेड छरिएका थिए । ती मध्ये केही बम विष्फोट भएका कारण बोर्डिङमा क्षती पुगेको छ । जिल्ला प्रहरी कार्यालयको उत्तरतर्फ रहेको भगवती मन्दिर र सोही मन्दिरको पश्चिमतर्फ रहेको घरमा गोली लागी क्षति पुगेको पाइयो । मलङ्गवा नपा ८, ९ र १० मा नाइटभिजन हेलिकप्टरबाट खसालिएको तोराबोरा बमका कारण सर्वसाधारणका १६ वटा घरमा क्षति पुगेको थियो ।

कारागार शाखामा माओवादीले वम विष्फोट गराई कार्यालयमा क्षति पुऱ्याउनुका साथै कार्यालयमा आगो लगाई नष्ट पारे । सोही क्रममा पाले र कारागार प्रमुख अनिल आचार्यलाई नियन्त्रणमा लिई कारागारको मुलगेटको ताला काटीभित्र रहेका १ सय ८ जना थुनुवा तथा कैदीहरुलाई भगाए । सर्लाही जिल्ला अदालतमा पनि आक्रमण गरी पाइप बम बिस्फाट गराई अदालत परिसरभित्र रहेको अदालतको जिप र क्यान्टिनमा रहेका सामानहरू जलाउनुका साथै झ्याल ढोका तोडफोड गरिएको थियो । जिल्ला न्यायाधीशको आवास गृहमा पनि आगजनी गरी सम्पूर्ण सामानहरु नष्ट पारेको तथा अदालतको भवन बाहिर पनि बमहरु छाडिएको थियो ।

जिल्ला विकास समितिमा विष्फोट र आगजनी गरी उपरोक्त कार्यालयका केही कागजात, फर्निचरहरु नष्ट भएको, सभापतिको कार्यकक्षमा आगजनी गरिएको, कार्यालयका कम्प्यूटर, टेलिफोन सेट लुटिएको र कार्यालय परिसरमा रहेको जिप आगो लगाई ध्वस्त पारिएको थियो ।

नवलपुरको अचोकबाट दक्षिण ५० मिटरमा अवस्थित सहनी होटलमा सो दिन बेलुका ८ बजे करिब चार जना माओवादी आई होटलवाला रामसेवक सहनीसँग १५ रुपैयाँका दरले खाना खान माग गरेका र होटल मालिकले ३० रुपैयाँ भन्दा कममा खाना दिन नसक्ने बताएपछि केहीबेर भनाभन भएको थियो । सो घटनापछि ८ : ४५ बजेतिर माओवादीले उक्त होटलमा बम विष्फोट गरिएका थिए । यसबाट दुई जना व्यक्तिको घटना स्थलमै मृत्यु भएको थियो । मारिनेमा हरिपुर ९ का ५५ वर्षीय श्रीकृष्ण रौनियार र भारतका रामसोगारथ साह रहेका छन् । माओवादी सकेट बम प्रहार गरेका कारण सो घटनामा थप तीन जना घाइते भए । घाइते हुनेमा भारतीय नागरिक तथा होटल साहु ५० वर्षीय रामसेवक सहनी र होटलमा काम गर्ने भारत कै दिनेश सहनी र सर्लाही कविलासी ९ का ३५ वर्षीय रामबाबु साह रहेका छन् । स्थानीय पत्रकार र मानवअधिकारकर्मीले सो घटना माओवादीले नै गराएको बताए । घटनामा घाइते भएकाको सैनिक अस्पतालमा उपचार भइरहेको छ ।

**मलंगवामा मारिएका प्रहरीहरू**

| क्र.सं. | मृतकको नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | सोनेलाल मण्डल | प्र.ना.नि. | धनुषा, नगराइन |
| २ | सुकबहादुर गुरुङ्ग | प्र.स.नि. | सुनवल, नवलपरासी |
| ३ | लक्ष्मण साह | प्र.ज. | सिरहा लालपुर |
| ४ | दिलबहादुर नेपाली | प्र.ज. | चुरीयामाइ, मकवानपुर |
| ५ | रामनरेस सहनी | प्र.ज. | दहियार, बारा |

| | | | |
|---|---|---|---|
| ६ | रामप्रितप्रसाद यादव | प्र.ज. | कवहीगोठ, बारा |

**मलंगवा घटनाका घाइते प्रहरीहरू**

| क्र.सं. | घाइतेको नाम | पद |
|---|---|---|
| १ | राजकुमार सिलवाल | प्र.नि. |
| २ | प्रदिप पौडेल | प्र.ना.नि. |
| ३ | पदमबहादुर गुरुङ्ग | प्र.स.नि. |
| ४ | विश्वराज अधिकारी | प्र.स.नि. |
| ५ | कृष्णबहादुर खड्का | प्र.ह. |
| ६ | रामगोपाल सुवा | प्र.ह. |
| ७ | सुरेशकुमार थापा | प्र.ह. |
| ८ | पवनकान्त मिश्र | प्र.ह. |
| ९ | राजकुमार कार्की | प्र.ह. |
| १० | प्रवेश सिंह | प्र.ह. |
| ११ | नवराज गौतम | प्र.ज. |
| १२ | दिनेशराय यादव | प्र.ज. |
| १३ | मनोजकुमार साह | प्र.ह. |
| १४ | प्रभुप्रसाद साह | प्र.ज. |
| १५ | प्रदिपराम रीजाल | प्र.ज. |
| १६ | बिनोद बोगटी | प्र.ज. |
| १७ | प्रभुप्रसाद कुर्मी | प्र.ज. |
| १८ | धमेन्द्रप्रसाद साह | प्र.ज. |
| १९ | धमेन्द्रचौधरी | प्र.ज. |
| २० | गुलजरीराय यादव | प्र.ज. |
| २१ | आइते तामाङ्ग | प्र.ज. |
| २२ | प्रबिणकान्त झा | प्र.ज. |
| २३ | माहानन्द राय | प्र.ज. |

**नवलपुर घटनामा मारिएका सर्वसाधारण**

| क्र.सं. | घाइतेको नाम | उमेर | ठेगाना |
|---|---|---|---|
| १ | श्रीकृष्ण रौनियार | ५५ | हरिपुर ९ |
| २ | रामसोगारथ साह | ३५ | भारत |

**मलङ्गवा हवाई आक्रमणमा घाइते भएका सर्वसाधारण**

| क्रं सं | घाइतेको नाम | उमेर | ठेगाना |
|---|---|---|---|
| १ | रिना साह | १५ | मलङ्गवा ९ |
| २ | पवनकुमारी साह | १३ | ,, ,, |

| | | | |
|---|---|---|---|
| ३ | दिनेश्वरलाल कर्ण | ३५ | मलङ्गवा -१० |
| ४ | सुनिता कर्ण | २४ | ,, ,, |
| ५ | शीला कर्ण | ४ महिना | ,, ,, |
| ६ | रसिलाल पण्डित | ३१ | भारतीय नागरिक |

**अपहरितहरूको नामावली**

| सि.नं. | नाम | पद |
|---|---|---|
| १ | बोधराज अधिकारी | प्रजिअ |
| २ | अनिल आचार्य | जेलर |
| ३ | बालकृष्ण कार्की | प्रनानि |
| ४ | बुद्धिलाल दङ्गाली | प्रसनि |
| ५ | देवराज बुढाथोकी | प्रसनि |
| ६ | पदमनाथ सापकोटा | प्रसनि |
| ७ | राजु परियार | प्र. ह. |
| ८ | भेषराज भुषाल | प्र. ह |
| ९ | सत्रुधन पाण्डे | प्र. ह. |
| १० | रामध्रुव सहनी | प्र. ह. |
| ११ | गोविन्द अहिर | प्र. ह. |
| १२ | मिनराज गिरी | प्र. ह. |
| १३ | कृष्णबहादुर श्रेष्ठ | प्र. ह. |
| १४ | विद्यासागर ठाकुर | प्र. ह. |
| १५ | तुलाराम चापागाईं | प्र. ह. |
| १६ | किशोर दर्शन | प्र. ह. |
| १७ | रामआदेशप्रसाद यादव | प्र. ह. |
| १८ | भरत झा | प्र. ह. |
| १९ | टीकाबहादुर आले | प्र. ह. |
| २० | चुमन महतो | प्र.ज. |
| २१ | गोपाल खाती | प्र.ज. |

## घटनाका प्रत्यक्षदर्शी तथा घाइतेहरूको भनाई

**किसुनदेव यादव , क्याम्पस प्रमुख सर्लाही क्याम्पस**

माओवादीले माईकिङ्ग गरी सर्वसाधारणलाई घरमै बस्न सुचना दिएकाले मलंगवामा धनजनको थप क्षति हुन पाएन । नाइटभिजनले जथाभावी वम बर्सायो । हेलिकप्टर दुर्घटना नभएको भए मलंङ्गवा बजार खरानी हुने रहेछ ।

**शिवहरी अमात्य, डांफे लज सञ्चालक, मलंगवा**
म त घरमा नै सुतिरहेको थिंए । छतको ट्याङ्की फुटेछ । तल मेन गेटमा पाइप बम राखिएको रहेछ । भोलिपल्ट मात्र देखियो । गोली चलिरहदा बाहिर हेँन सकिएन तर केही केटीहरू कराउदै तल माथि गरिरहेका थिए ।

**पप्पु चौधरी , म.न.पा–८**
कम्पाउड वालको गेट फोरेर माओवादीभित्र प्रवेश गरे । ढोकामा लात्तीले हान्न थाले ढोका फोर्छन् भनेर म आफैंले खोलिदिए । घरभित्र ३ जना माओवादी प्रवेश गरी घुमुवा प्रहरी हो की भनेर सोधे । मैले म होइन भने पछि फर्केर गए ।

**अधिवक्ता, मदनराय यादव, म.न.पा–८**
रातको खाना खाँदै थियौं । गाँउबाट पाहुना आएका थिए । अगाडिबाट ४ जना आएर बरण्डामा वसे । ढोका ढकढकाए ,पछाडि ट्युववेलमा गएर पानी खाए । फेरि वरण्डामा आएर ढोकामा लात्तिले र वन्दुकको कुन्दाले हाने, डरले ढोका खोल्न सकिन, ढोका फुट्न डरले खोली दिंए । अघि नै किन नखोलेको भनी हप्काए । भित्र को छ भनी सोधे र घर भित्र प्रवेश गरी घुमुवा प्रहरीलाई खोजेको भन्दै कोठामा खोज्न थाले । नभेटेपछि उनीहरु घरमै बस्नु बाहिर ननिस्कनु भन्दै गए । त्यसपछि लगातार फायरिङ्गको आवाज आइरह्यो, डरले हामी घर भित्रै सुत्यौं ।

**शम्भुलाल जोशी, स्थानीय प्रत्यक्षदर्शी**
घर डीएसपी साहवले भाडामा लिनु भएको थियो । सो समयमा उहाँ घर जानु भएको थियो । घरको पूर्व र पशिचमतर्फबाट कम्पाउण्डभित्र प्रवेश गरी उत्तरतर्फको भान्सा घरको छानामा चढी जिप्रकातर्फ फायरिङ्ग गर्न थाले । केटीहरूको आवाज पनि सुनिन्थ्यो । जिप्रकातर्फबाट पनि फायरिङ्ग सुरु भयो, घरमा गोलीका चोट र खोका छन । बाँचिएला भन्ने लागेको थिएन ।

**अनिता पौडेल, स्थानीय प्रत्यक्षदर्शी**
हाम्रो घरमा रातको करिब ९ बजेको समयमा माओवादी कम्पाउण्ड वालबाटभित्र पसी फायरिङ्ग गर्न थाले । हामी डरले खाटमुनि लुक्यौं । केटा र केटीको आवाज वरावरि सुनिन्थ्यो । रातभरि फायरिङ्ग चल्यो बिहान भएपछि बाँचिन्छ कि जस्तो लाग्यो ।

**रामएकवाल साह, पाले, भूमिसुधार कार्यालय मलङ्गवा**
रातको करिव ८:४५ बजेको समयमा कार्यालयको पर्खाल नाघेर २०-२५ जना माओवादी आएर मलाई नियन्त्रणमा लिई कार्यालयको ताला फुटाएर कार्यालयभित्र बम राखे र मलाई भाग भने । म डरले भागें , मेरो साइकल, लुगा फाटा र २ हजार ५ सय जलेर नष्ट भयो ।

**नथुनी पंडित, म.न.पा–१० नाइटभिजनको बमले क्षति पुगेको घरका धनि**
राति घरमा खाना खाई सुतेका थियौं । एक्कासी गोली चलेको आवाज आयो । डरले भित्रै बसिरह्यौं । रातको करिव १:३० वजे छिमेकी नागेन्द्र राय यादवको घरमा वमको आवाज आयो । सो घर मा लागेको वमको छर्रा मेरो घरमा लाग्यो । मेरो हातमा चोट लाग्यो । घरको छाना पुरै ध्वस्त भएको छ । भैंसीलाई समेत चोट लागेको छ । घरको कोठामा सुतिरहेका भारत लालवनी घर भएका ज्वाई ३१ वर्षीय रसिलाल पण्डितलाई छातीमा चोट लागेको छ ।

## नवलपुर घटनाका प्रत्यक्षदर्शीको भनाई

**सत्यनारायण साह, प्रत्यक्षदर्शी, नेत्रगञ्ज ६ नवलपुर**
सधैजसो त्यस दिन  म बेलुकी ८ बजे तिर होटलमा गएको थिए । होटलमा खान आउनेहरू आउने जाने गरिरहेका थिए म पनि गफ गर्दै छेउको टेबुलमा थिए । मृतक श्री कृष्ण रौनियार दही खान आएका थिए । ८:४० तिर नजिकै ठूलो आवाज आयो । हामी उक्त आवाजले गर्दा यताउता ढल्यौ । त्यतिकैमा रामस्वार्थ साहले  मेरो दुबै खुटा खत्तम भयो, म बाँच्न सक्दिन भन्यो । बरु मलाई मारिदेऊ, भन्दै छटपटाउन थाले । श्री कृष्ण रौनियार छेउमा ढलिसकेका रहेछन् । होटल साहुजी र उनका छोरा छटपटाइरहेका थिए । एकछिनमा अरु मान्छे के भयो भन्दै आए र  सहयोग गर्न थाल्दा चारैतर्फ गोली चल्न थाल्यो  । हामी बल्ल तल्ल आफ्नै घरमा पुग्यौ ।

**बर्षीय १२ को पप्पु, होटलमा काम गर्ने बालक प्रत्यक्षदर्शी**
म काम गर्दै थिए । म धेरै डराए  । पछि त्यँहा हेर्दा होटलमा खादै गरेका मानिसहरू लडिरहेका थिए  । के भएको मैले केही बुझ्न सकिन । कसैलाइ पनि वरपर देखिन । त्यो हुनुभन्दा अगाडि दुई जना नचिनेको मानिस आएर साहुजीसँग  ५ मा ३ वटा जेरी मागेका थिए । साहुजीले दिनु भएन ।

**अमन कोइराला, स्थानीय पत्रकार**
सुरक्षाकर्मीलाई शंका गर्नुभन्दा घटना परिस्थिति र स्थानीयवासीको भनाईमा उक्त घटना माओवादीले नै गराएका हुन ।

**मनोहर रिमाल, प्रहरी उपरीक्षक**
सुरक्षा निकायहरुमा माओवादी पक्षमा आक्रमण हुने भन्ने व्यहोराको सूचना पहिलादेखि प्राप्त भएको हो । ४ हजारभन्दा बढीको संख्यामा रहेका माओवादीहरुले एकै चोटी ८ : ४५ बजे मालपोत अदालत, भुमिसुधार, जिल्ला प्रशासन कार्यालय, सैनिक क्याम्प र जिल्ला प्रहरी कार्यालयमा एकै साथ आक्रमण गरे । जिल्ला प्रहरी कार्यालयका प्रहरी जवानहरूले बहादुरीका साथ लडेकाले जिल्ला प्रहरी कार्यालयमा क्षति पुर्‍याउन सकेनन् । आक्रमणको क्रममा जिल्ला प्रशाासन कार्यालय, मालपोत कार्यालय जिल्ला अदालत, भुमिसुधार कार्यालय जस्ता जनताका दैनिक कार्यसंग सम्बन्धित कार्यालयमा आक्रमण गर्न जरुरी थिएन । सर्वसाधारणको घर जबरजस्ती प्रयोग गरे ।

**घटनाका सम्बन्धमा माओवादी पक्षको भनाई**
सर्लाही जिल्लाको आक्रमण पूर्व योजना अनुसार दोस्रो डिभिजनले गरेको उक्त आक्रमण दोस्रो डिभिजनका कमिसार सन्तोष र कमान्डर राजेशको नेतृत्वमा भएको हो । उक्त कारवाहीमा सदरमुकाम सम्पूर्ण रुपले ध्वस्त गरिएको, १ सय ८ जना बन्दी सहित कैदी मुक्त गरिएको जसमा ७० थान हतियार कब्जा गर्न सफल भइयो । दुश्मनतर्फ दर्जनौंको संख्यामा  मृत्यु भएको र जनमुक्ति सेनाले पहिलो पटक एम. आइ . १७ हेलिकप्टर ध्वस्त पार्न सफल भएको छ । उक्त कारवाहीको क्रममा जनमुक्ति सेनाका ३ जनाले विरतापूर्वक सहादत प्राप्त गर्नु भयो भने  १६ जना साथीहरु घाइते हुनु भएको छ ।

# निचोड तथा सुझाव

सर्लाही आक्रमणमा सेनाले नाईटभिजन हेलिकोप्टर प्रयोग गरी रातको करिब १:३० बजेतिर विभिन्न ठाउँमा बम प्रहार गरेको पाइयो । त्यस क्रममा ६ जना सर्वसाधारण घाइते भएको पाइयो साथै सर्वसाधारणका १६ वटा घरमा क्षति पुगेको पाइयो । घटनामा माओवादी तथा सुरक्षाकर्मीहरूको त्यस्ता व्यवहारद्वारा मानवअधिकार तथा मानवीय कानुनको उल्लंघन भएको पाइयो ।

माओवादीले आक्रमणका लागि घर प्रयोग गर्न नदिएका कारण घरमा बम राखी दिने, ढोका नखोल्दा ढोका फुटाउने कार्यले जेनेभा महासन्धिको साझा धारा ३ विपरीतको कार्य माओवादीले गरेकाले अब यस्ता कार्यहरू नगरी अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न र युद्धमा संलग्न नहुने र सरोकार नराख्ने पक्षलाई प्रयोग दवाव नदिन इन्सेक माग गर्दछ ।

जिल्ला अदालत, मालपोत कार्यालय, भुमि सुधार कार्यालय र जिल्ला प्रशासन कार्यालय जस्ता जनताका दैनिक काम काजसंग प्रत्यक्ष सरोकार राख्ने गैरसैनिक स्थलमा शत्रुतापूर्ण कार्य गरी नास गरेकोमा गम्भीर ध्यानाकर्षण गराउँदै अब आइन्दा त्यस्ता कार्य नगर्न र दोषीलाई कारवाही गर्नु पर्दछ ।

नागरिक आवादी र नागरिकको बसोबास गर्ने क्षेत्रमा आक्रमणको निशाना  बनाए ६ जना व्यक्तिलाई घाइते पारेका कारण घाइते उपचार तथा क्षतिपूर्तिको व्यवस्था गरिनु पर्दछ । साथै सर्वसाधारणका १६ वटा घरमा क्षति पुगेकाले पीडित परिवारलाई क्षतिपूर्तिको अविलम्ब व्यवस्था गरिनु पर्दछ । नवलपुरको घटनामा मारिएका र घाइते भएका नागरिकका परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था गरी घटनामा दोषी माओवादी कार्यकर्तालाई कडा कारवाही गरिनु पर्दछ ।

*अनुसूचि*

***सर्वसाधारणका घरहरू***

***क. भिडन्तमा दोहोरो गोलीले क्षति भएका***

*१. गडगिफ्ट बोडिङ स्कूल, म.न.पा. ३*
*२. डाँफे लज, म.न.पा. ३*
*३. भगवती मन्दिर, म.न.पा. ३*
*४. शम्भुलाल जोशीको घर , म.न.पा. ३*
*५. अनिता पौडेल को घर, म.न.पा. ३*
*६. रामबलि यादवको घर, म.न.पा. ३*

***ख. नाइटभिजनबाट प्रहार गरिएका बमका कारण क्षति भएका***

*१. बैजनाथ लाल कर्ण को घर, म.न.पा. १०*
*२. बैजु साह को घर, म.न.पा. ९*
*३. हरीसाद खातुन र छिमेकी एक सहित २ को घर म.न.पा. ९*
*४. शिवशंकर साह को घर म.न.पा. ८*
*५. देवता मिश्र को घर, म.न.पा. ८*
*६. राम एकबाल प्रसाद रौनियार, म.न.पा. ८*
*७. बिष्णुलाल श्रेष्ठ को घर, म.न.पा. ८*
*८. शिब शंकर यादब को घर, म.न.पा. १०*
*९. राधेश्याम प्रसाद को घर, म.न.पा. १०*
*१०. प्रमोद यादब को घर, म.न.पा. १०*
*११. चन्द्र प्रसाद यादब को घर म.न.पा. १०*
*१२. किशोरी साह सोनार को घर , म.न.पा. १०*
*१३. कमला महतो, म.न.पा. १०,*
*१४. नथुनी पंडित , म.न.पा. १०*
*१५. नागेन्द्र राय यादब , म.न.पा. १० म.न.पा. १०*